# ...... ब्लक सन्चालन समन्वय समिति

## .............. महा/नगर/गाँउ/पालिका, वडा नं ...को

# विधान-२०७८

# .........ब्लक सन्चालन समन्वय समिति
# ललितपुर/काठमाण्डौ/भक्तपुरको
# विधान - २०७८

## प्रस्तावना

कृषकहरुलाई हावापानी र माटो सुहाउंदो उन्नत खेतीगर्न उत्प्रेरित गरी जिल्लामा कृषिउत्पादन र उत्पादकत्व बढाई कृषकहरुको आयस्तर बृद्धि गराई जीवनस्तर उकास्ने उद्देश्यअनुरुपजिल्लामा.................. खेतीको प्रबर्द्धनको साथै उत्पादन, उत्पादकत्व बढाउन, उत्पादित सामग्रीलाई सुलभ बनाई बिक्रिबितरण तथा भण्डारणको व्यवस्थापनगर्न, एवंआय बृद्धिबाट आत्मनिर्भर हुनकालागिप्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका ४ वटा सम्भागहरुमध्ये प्रथम सम्भागको रुपमा रहेको **व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक)विकास कार्यक्रम**को प्रभावकारी कार्यान्वयनका सन्दर्भमा परियोजनाको दस्तावेजमा उल्लेख भएको व्यवस्था बमोजिम नेपाल सरकार, कृषि तथा पशुपंन्छी विकास मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल(२०७७)(सदर मिती २०७७/०६/०१) तयार गरी लागु गरेको छ ।

आ.व. २०७७/०७८ बाट एक पालिका एक व्यवसायीक कृषि उत्पादन केन्द्र (ब्लक) संचालानार्थ संघिय स-शर्त अनुदान अन्तरगत विनियोजित कार्यक्रम र बजेटलाइ प्रदेश सरकार, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मार्फत कृषिज्ञान केन्द्र,ललितपुरबाट संचालन हुने गरी श्री ..... ................................ब्लक सन्चालनसमन्वय समिति गठनगरी समितीको विधान २०७८तयार गरी लागू गरेको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्तनाम र प्रारम्भिक :

क) यस विधानको नाम :श्री ................................................ब्लक सन्चालन समन्वय समिति, ललितपुर/काठमाण्डौ/ भक्तपुर............. पालिकाको विधान-२०७८ रहने छ ।

ख) यो विधानकृषि ज्ञान केन्द्र, ललितपुरमा ब्लक सन्चालन समन्वय समितिदर्ता भएपछि तुरुन्तलागु हुने छ ।

२. परिभाषा :

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

क) ब्लकभन्नाले यसै बिधानको १.क बमोजिमको ब्लकलाई बुझाउछ ।

ख)संचालन समन्वयसमितिभन्नालेप्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल(२०७७)(सदर मिती २०७७/०६/०१) अनुसार गठन भएको समितीलाइ जनाउने छ ।

ग) कार्य समितिभन्नाले विधानअनुसार छनौट भएकासंयोजकर सदस्यहरुलाइजनाउनेछ ।

घ)साधारण सभाभन्नाले यस विधानकोदफा १० बमोजिम गठीत सभालाई जनाउने छ ।

३. समितिको छाप:

यस समितिको छाप गोलकार भित्रवरिपरि समितिको नाम र ठेगाना लेखिएको हुन्छ र बीचमा ....................................... हुनेछ ।

४) समितिको कार्यलय, बागमतिअञ्चलललितपुर/काठमाण्डौ/भक्तपुरजिल्ला.................................

महा/नगर/गाँउ/पालिका, वडा नं..मा रहनेछ ।

## परिच्छेद-२

५ उद्देश्य र कार्य :

क) उद्देश्य:

कृषि आधुनिकीकरण प्रवर्धन गर्ने गरि **व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक)** विकास कार्यक्रम संचालनको साथै सदस्यहरुको लागि सामाजिकआर्थिक, सामाजिक, कृषिजन्यव्यवसाय, हितलाई ध्यानमा राखि देहायमाउल्लेखित समूहको उद्देश्यहुनेछ :

५.१कृषिव्यवसायलाई आधुनिकरण एवं विविधिकरण गरी उत्पादकत्व, उत्पादन बृद्धिका लागि एक जुट भई कामगर्ने ।

५.२ब्लकमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृध्दि गर्नु,

५.३ब्लक क्षेत्रमा कृषि यान्त्रिकरण, कृषि पूर्वाधार विकास, बजारीकरण तथा व्यवसायीकरण प्रवर्धनगर्नु,

## परिच्छेद-३

६. सदस्यता

एकै उद्देश्यएवं समानआर्थिक अवस्थाभएको एवं समितिकोविधानको परिधिभित्ररहनेइच्छा व्यक्त गरेको व्यक्तिलाई यस समितिको सदस्यताप्रदानगर्न सकिनेछ ।

सदस्यताकालागि योग्यता

(क)........................खेतीगरिरहेको वागर्न इच्छुक,

(ख)समितिको उद्देश्यअनुरुपकार्य गर्न ईच्छुक भएको

(ग)समितिकोविधानअनुसार कार्य गर्न मंजुरी भएको

(घ)कृषक-कृषक बिचआपसी सहयोग बढाउन ईच्छुक भएको

(ङ)१६ वर्ष उमेर पुगेको

(च) नेपालीनागरिक ।

७. सदस्यताकायम नरहने अवस्था (सदस्यताको अयोग्य) :

कार्य समितिले निम्नअवस्थामा सदस्यहरुलाई सदस्यताको लागिअयोग्य ठहराई सदस्यता समाप्तगर्न सक्ने छ ।

(क) लगातार तीनपटक सम्माबिना सुचना बैठकमा अनुपस्थित भएमा

(ख) विधानको उद्देश्यविपरीत कार्य गरेमावा समूहको रकमवाकागजातहिनामिनागरेमावाअन्यकुनै कारणले समितिबाट निष्काशन गरेमा,

(ग) बौलाहाभएमाकानुनी रुपमाबौलाहावाअसन्तुलनमस्तिकभएको प्रमाणित भएमा ।

(घ) सदस्यबाट राजिनामादिएमा (सदस्य रहननचाहेर लिखितनिवेदनदिई कार्य समितिले सदर गरेमा)

(ङ) अपराधिककार्यमा संलग्नभएको दोष प्रमाणित भएमा,

(च) कृषि पेशात्यागीअन्यकार्य गर्न थालेमा,

(छ) मृत्यु भएमा,

(ज) समितिको संचालन र प्रगतिमाहानीहुने कुनै किसिमको कार्य गरेमावा समूहको रकमहिनामिना गरेमा,

(झ) समितिको सिद्धान्त वानियमवा प्रतिष्ठान आँचआउने कार्य गरेमा ।

तर सदस्यताखारेजीगर्नु पूर्व एकपटक सफाइको मौकादिइनेछ ।

## परिच्छेद-४

८. समिति (गठन विधि)

(क) समिति७जनाको हुनेछ ।सात सदस्यीयसमितीमा अनिवार्य रुपले कम्तिमा ३ जना महिला सदस्य हुनुपर्ने छ ।समितीमा एक जनासंयोजकर ६ जना सदस्यहरु रहने छन ।

(ख)समितिकापदाधिकारीहरुको बैठक हरेक महिनाहुने छ । तर आवश्यकताभएजुनसुकै समयमापनि बस्न सक्ने छ ।

(ग) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि २ वर्षको हुनेछ ।

९. समितिको काम, कर्तव्य र अधिकार

क) ब्लक कार्यक्रम संचालन गर्नका लागि आवश्यक उत्पादन सामग्री र सो को परिमाण आंकलन गर्ने, उत्पादन योजना तयार गर्ने, आवश्यक उत्पादन र अन्य सामग्रीको श्रोत व्यवस्थापन गर्ने ।

ख) ब्लकमा निर्माण हुने पुर्वाधार विकास सम्वन्धि कार्यका लागि कृषि ज्ञान केन्द्र, ललितपुर संग आवश्यक समन्वय गर्ने ।

ग) ब्लक संचालनका लागिकृषि ज्ञान केन्द्र, ललितपुर र अन्य सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय गर्ने ।

घ) ब्लकमा संलग्न कृषकहरुलाइ परिचय पत्र वितरणमा सहयोग गर्ने । ब्लकलाइ व्यवस्थित रुपमा संचालनका लागि आधार तयार गर्ने, सम्लग्न कृषक

समुह/सहकारी/उपभोक्ता समूह/कृषक उद्यमी लगायतसंग निरन्तर सम्वाद र सहकार्य बनाइराख्ने।

ङ) ब्लक संचालन समन्वय समितिको बैठक मासिक रुपमा अनिवार्य र आवश्यकतानुसार अन्य समयमा बस्नेछ । बैठकमा समिति बाहिरका प्रतिनिधिलाइ आमन्त्रित गर्न सकिनेछ ।

च) ब्लक निर्माण, व्यवस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सवै आवश्यक कार्यहरु गर्ने ।

छ) ब्लक क्षेत्रको प्रोफाइल तयार गर्ने ।

## परिच्छेद-५

### १० पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१०.१ संयोजक**

(क) साधारण सभा रसमितिको बैठकको अध्यक्षतागर्ने ।

(ख) साधारण सभातथासमिति समेत द्वारा पारित निर्णयहरुको पालनागर्ने वा गराउने ।

(ग) समितीद्धारा संचालित सम्पूर्ण कार्यको रेख देख गर्ने ।

(घ) निर्णयको क्रममामत बराबरी भएको बेलाआफ्नो मतदिने ।

(ङ) समितिको सम्पतीको सुरक्षागर्ने ।

(च) समितिको उन्नतीप्रगतिको लागि सक्षमतथागतिशिल नेतृत्वप्रदानगर्ने

(छ) बैठकबसाउननिर्देशनदिने ।

**१०.२ सदस्य** :

(क) संयोजकले समितिको निर्णय अनुसार कार्य विभाजनगरि कार्यालयलाई दिएबमोजिमको कामको कार्यान्वयन, रेखदेखतथा नियन्त्रण सम्बन्धित सदस्यले गर्नेछन् ।

(ख) समितिको बैठकमा प्रस्तुतएजेन्डामा छलफल गर्ने, निर्णय दिने, मतदिने ।

(ग)समिती दिएको,लगाइएको कार्य गर्ने ।

## परिच्छेद-६

आर्थिक व्यवस्था (बचत संकलन र परिचालन)

११. आर्थिक श्रोत :-

११.१ समितिको नाममा समितिले तोकेको स्थानिय बैंकमा समितिको संयोजक रसमितीले तोकेको १ जना सदस्य गरी कम्तीमा २ जनाको संयुक्त दस्तखतबाट खाता संचालनहुनेछ ।

११.२ समितिको आर्थिक श्रोत देहायबमोजिमहुनेछ :

(क)यस समितिको सदस्यहरुबाट प्राप्त सदस्यताशुल्क,

(ख)समितिको अन्य क्रियाकलापबाट भएको आम्दानी,

(ग)कुनै पनि राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थावा व्यक्तिबाट प्राप्तचलअचल सम्पत्ति ।

(घ)समितिको सदस्यले बचत गर्ने मासिक रकम,

(ङ)प्रतिफलमाआधारित प्रोत्साहनअनुदानकार्यक्रमप्राप्तगर्ने कृषकहरुबाट ३० प्रतिशत रकम

(च) विलम्बशुल्क

(छ)कृषि ज्ञान केन्द्रबाटप्राप्तअनुदान रकम,

## परिच्छेद-७

१२ निर्वाचन सम्बन्धिव्यवस्था:-

(क) समिति सदस्यतथापदाधिकारीहरुको पदावधिसमिती गठनभएको मिति देखि २वर्षको हुनेछ ।

(ख) सो गठितसमितिको पदावधि समाप्तहुन १ महिनाअगावै समितिको साधारण सभाबोलाई नयाँसमितीको छनौट गरिनेछ ।

(ग) समितीको पदावधि समाप्तहुनअगाबै कार्यरत समितिकुनै किसिमबाट भँगहुनगएमा, भँगभएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागजपत्र, नगदजिन्सीकार्य भार समेत सम्पूर्ण सभाबोलाई अथवाकार्यालय सचिवभएनीजलाई बुझाई सो को भरपाई लिनु पर्नेछ । यस समितीलाइहानीनोक्सानीभएमा सो कार्य समितिकासंयोजक र सबै सदस्यहरुलेसंयुक्त रुपमाव्यहोर्नु पर्नेछ ।

१३. उम्मेदवारको अयोग्यता:-

(क)जो कृषि पेशामासंलग्ननभएको ।

(ख)जसले समितिको हितविपरीत कार्य गर्ने ।

(ग)मानसिकअवस्था सामान्यनभएको ।

(घ)फौजदारी अभियोग पाएको व्यक्ति ।

१४. विधान संसोधन:-

समूहको विधान संशोधनगर्न आवश्यकता पर्न आएमा सो समितिका सदस्यहरुको उपस्थितिमाप्रधानमन्त्री कृषिआधुनिकिरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल(२०७७)(सदर मिती २०७७/०६/०१) को **व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रमको**भावना र मर्म अनुसार हुनुपर्नेछ ।

१५. नियमबनाउने :

ब्लक संचालन समन्वय समितिलेप्रधानमन्त्री कृषिआधुनिकिरण परियोजनापरियोजना कार्यान्वयन म्यानुअल(२०७७)(सदर मिती २०७७/०६/०१)कोमूल दस्तावेज र व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रमसंचालनकार्यविधिको भावना र मर्म सँग नबाझिने गरीनियम/विनियमवनाइलागू गर्न सक्नेछ ।

१६. उप समितिहरुगठनगर्न सक्नेः

ब्लक संचालन समन्वय समितिलेआफ्नो कार्यक्रमहरु संचालन गरी समितिको लक्ष्य र उद्देश्यप्राप्तिको लागिविभिन्नउप समितिहरु बनाउन सक्नेछ ।

१७. समितिको विघटनः

क)समितिको विधानबमोजिमकार्य संचालनगर्न नसकिवा उद्देश्यप्राप्तगर्न असफलभएकृषि ज्ञान केन्द्र, ललितपुरले विघटन गर्न सक्नेछ।


१८. समितिले कुनै पनिनिकाय/संघ/संस्था/ कार्यालयबाट पाएको कुनै पनिअवसर सामग्रीहरु आवश्यकता हेरी समितिको बैठकबाट निर्णय गराई पालो/पालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

१९. खारेजी र बचाउ : समितिको प्रस्तावना र बिधानअनुसारको कार्यलाई निरन्तर सम्पादननगरेमाप्रचलितकानुनअनुसार हुनेछ ।

२०. समितिको विधानको हरेक पन्नाको सुरु र अन्तमा समितिको सबै सदस्यहरुले अनिवार्य हस्ताक्षर गरेको हुनु पर्नेछ ।

**अनुसुचिः १**

**यस संस्थाको छाप र चिन्हनिम्नानुसार हुने छ ।**



अनुसुची- २

# ..........................ब्लक सन्चालक समिति
# ललितपुरको

सदस्यहरुको नाम, ठेगाना

| सि.नं. | नाम, थर | ठेगाना | पद |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

संरक्षक सल्लाहकारहरुको नाम, ठेगाना

| सि.नं. | नाम, थर | ठेगाना | पद |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

कार्य समितिकापदाधिकारीहरुको नाम, ठेगाना

| सि.नं. | नाम, थर | ठेगाना | पद |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| | | | |

# सदस्यहरुको विवरण

| सि.नं. | नाम थर | ठेगाना | उमेर | शैक्षिक योग्यता | परिवार सदस्य संख्या | | | कृषिमा संलग्न संख्या | | | जग्गा ( रोपनीमा) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | खेत | पाखो | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

समाप्त